# रेडिएशन थेरापी

## Radiation Therapy

Radiation therapy is the use of radiation to treat cancer. This treatment is used to:

- Cure cancer by destroying cancer cells
- Control cancer by keeping cancer cells from growing and spreading
- Reduce cancer symptoms such as pain

रेडिएशन थेरापीको अर्थ क्यान्सरको उपचारका लागि रेडिएशनको प्रयोग गरिनु हो। यो उपचार निम्न उद्देश्यले गरिन्छ:

- कोशिकाहरूलाई नष्ट गरेर क्यान्सर निको पार्न
- क्यान्सर कोशिकाहरूलाई बढ्न र फैलन नदिएर क्यान्सरमाथि नियन्त्रण गर्न
- क्यान्सरका लक्षणहरू जस्तै पीडालाई कम गर्न

### There are two types of radiation therapy:

With **external radiation therapy,** a machine directs high-energy rays at the cancer. This is the most common type used. The skin is marked with ink so that the treatment is done at the same spot each time. The treatment is often done 5 days a week for 2 to 7 weeks. The first appointment may take a few hours but after that, treatments only take a few minutes.

With **internal radiation therapy**, also called **brachytherapy** or implant therapy, the radiation source is put in the body in or near the cancer. It is sealed in a small holder called an implant. The implant may be thin wires, plastic tubes, capsules or seeds. The implant is placed for a few hours, a few days, or it may be left in place. Your doctor will decide the amount of time that the implant will be in place. If it is to be left in your body, the implant will lose its radioactivity in a short time. Internal radiation allows the doctor to give a higher total dose of radiation in a shorter time than can be done with external treatment.

### रेडिएशन थेरापी दुइ प्रकारका हुन्छन्:

**बाह्य रेडिएशन थेरापी**मा एउटा मेशिनले क्यान्सर कोशिकाहरूमाथि उच्च-ऊर्जा किरणहरू फ्याँक्छ। उपचारमा प्रयोग गरिने यो सर्वाधिक सामान्य तरिका हो। छालामा मसीले निशान बनाइन्छ जसबाट उपचार हरेकपल्ट त्यही स्थानमा गर्न सकियोस्। यो उपचार प्रायः 2 देखि 7 सातासम्म सातामा पाँच दिन गरिन्छ। पहिलो दिनमा केही घण्टा लाग्न सक्छ तर त्यसपछि, उपचारमा केही मिनेटमात्रै लाग्छ।

**आन्तरिक रेडिएशन थेरापी**मा, जसलाई **ब्राकीथेरापी** वा इम्प्लान्ट थेरापी पनि भनिन्छ, रेडिएशन स्रोतलाई शरीरभित्र वा क्यान्सरको नजिक प्रवेश गराइन्छ। यसलाई एउटा सानो होल्डरमा सिलबन्द गरेर राखिन्छ जसलाई इम्प्लान्ट भनिन्छ। इम्प्लान्ट पातला तारहरू, प्लास्टिक ट्यूबहरू, क्यापसूल वा गेडागुडी हुन सक्छन्। इम्प्लान्ट केही घण्टा, केही दिनका लागि राख्न, वा त्यहीँ छोड्न सकिन्छ। तपाईँका डक्टरले इम्प्लान्ट त्यो ठाउँमा कति समय राख्ने हो भन्ने निर्णय गर्नेछन्। त्यो तपाईँको शरीरमा नै छोडिने हो भने इम्प्लान्टको रेडियोएक्टिभिटी छोटो अवधिपछि आफै समाप्त हुनेछ। आन्तरिक रेडिएशनले बाह्य उपचारको तुलनामा छोटो अवधिमा रेडिएशनको उच्च खुराक दिनमा डक्टरलाई मद्दत गर्दछ।

Internal radiation therapy may also be done using radioactive liquid that is taken by mouth or put into the body. Your doctor will talk about safety measures to take at home and around other people. These measures will be for a limited time.

आन्तरिक रेडिएशन थेरापी मुखबाट  लिइने  वा शरीरमा प्रवेश गराइने रेडियोएक्टिभ द्रव्यको प्रयोग गरेर पनि गर्न सकिन्छ। घरमा वा अन्य मानिसहरूको वरिपरि सुरक्षा उपायहरूबारे तपाईँका डक्टरले बताउनेछन्। यी उपायहरू सीमित समयका लागि हुनेछन्।

Your doctor may order both types of radiation therapy. Radiation may be used alone or with other cancer treatments such as surgery or chemotherapy.

तपाईँका डक्टरले दुवै प्रकारका रेडिएशन थेरापीको लागि आदेश दिन सक्छन्। रेडिएशन उपचारको मात्रै प्रयोग गर्न सकिन्छ अथवा क्यान्सरका अन्य उपचारहरू जस्तै सर्जरी वा केमोथेरापीका साथ यो गर्न सकिन्छ।

Radiation therapy affects both cancer cells and normal cells that are in the treatment site. The effects on normal cells are called treatment side effects. The most common side effects are feeling tired and skin problems. Other side effects may occur depending on the treatment site. The side effects often go away after treatment. Talk to your doctor or nurse if you have any side effects.

रेडिएशन थेरापीले क्यान्सर कोशिकाहरू र उपचार स्थलमा रहेका सामान्य कोशिकाहरू दुवैमाथि प्रभाव पार्छ। सामान्य कोशिकाहरूमाथि पर्ने प्रभावलाई उपचारका दुष्प्रभाव भनिन्छ। सबैभन्दा आम दुष्प्रभाव थकित महसूस गर्नु र छालामा समस्याहरू हुनु हो। अन्य दुष्प्रभावहरू उपचार स्थलमाथि निर्भर गर्दछ। यी दुष्प्रभावहरू उपचारपछि आफै हराउनेछन्। तपाईँलाई केही दुष्प्रभावहरू हुन्छन् भने आफ्ना डक्टर वा नर्ससित कुरा गर्नुहोस्।

**Talk to your doctor or nurse if you have any questions or concerns.**

**तपाईँका कुनै प्रश्न वा चिन्ताहरू छन् भने आफ्ना डक्टर वा नर्सलाई सम्पर्क गर्नुहोस्।**

© 2005 - November 23, 2016, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.